नेपाली / ***NEPALI***

02/12/21
**सम्पर्क: Kelly April Tyrrell, kelly.tyrrell@wisc.edu**

## ***UW–Madison* मा *COVID-19* खोपको बारेमा तपाईंले थाहा पाउनु पर्ने जानकारी यहाँ छन्**

MADISON – जनवरी ५, २०२१ देखि, जब *University Health Services* ले *UW–Madison* समुदायका सदस्यहरूलाई *COVID-19* खोप दिन थाल्यो, ७,००० भन्दा बढी योग्य विद्यार्थी र कर्मचारीहरूले खोप लगाएका छन्। यसमा दुईवटा डोजवाला *Pfizer-BioNTech* र *Moderna* को पहिलो र दोस्रो डोजहरू पर्दछन्।

"राज्यको खोप पाउने मापदण्ड पूरा गर्ने हाम्रा कर्मचारी र विद्यार्थीहरूलाई खोप दिन शुरू गर्नु एकदमै शानदार कुरा हो," *UHS* का अन्तरिम मेडिकल निर्देशक Patrick Kelly बताउँदछन्। "प्रत्येक दिन हामी सक्दो डोजहरूको व्यवस्था गर्दैछौं र जबसम्म हामीले खोप प्राप्त गरेर मानिसहरू खोप लगाउन सक्दछौं तबसम्म यो जारी राख्नेछौं।"

हालमा, क्याम्पसका योग्य सदस्यहरूमा समावेश छन्:

- ती जो प्रत्यक्ष बिरामी सेवा कर्तव्यहरूमा सामेल छन्, जसमा चिकित्सकहरू र क्लिनिकल भूमिकामा विद्यार्थीहरू समावेश छन् , जसले उनीहरूलाई *SARS-CoV-2* भाइरस सङ्क्रमण गर्ने सक्ने बिरामीहरूको सम्पर्कमा ल्याउँदछ। यसमा मेडिकल विद्यार्थीहरू र नर्सिङ्ग, फार्मेसी विद्यार्थीहरू, र क्लिनिकल सेटिंग्मा काम गर्ने सामाजिक कार्य र शिक्षाका विद्यार्थीहरू समावेश छन्;
- *COVID-19* परीक्षण गर्ने कर्मचारीहरू, र अनुसन्धानकर्ता र अन्य कर्मचारीहरू जो भाइरस र भाइरस नमूनाहरूसँगको प्रत्यक्ष सम्पर्कमा आउँदछन्;
- *UW* पुलिस विभागका कर्मचारीहरू;
- ६५ बर्ष र बढी उमेरका क्याम्पस समुदायको सक्रिय सदस्यहरू।

जबकि हामीलाई थाहा छ कि हाम्रा धैरै विद्यार्थीहरू र कर्मचारीहरू खोप पाउन उत्सुक छन् — र यो जनस्वास्थ्य र हाम्रो समुदायको सुरक्षाका लागि राम्रो खबर हो — हामीले राज्यको निर्देशनको पालना गर्नुपर्दछ।

यसै बीचमा, *UW–Madison* मा खोपका बारे तपाईंले थाहा पाउनुपर्ने कुराहरू यहाँ छन्:

### को र कहिले मान्छेहरू खोपका लागि योग्य छन् भनेर कसले निर्णय गर्दछ ?

*UW–Madison* ले *Wisconsin Department of Health Services* को योग्यता र प्राथमिकता मापदण्डको पालना गर्दछ, जुन संघीय *Advisory Committee on Immunization Practices* र *State Disaster Medical Advisory Committee* निर्धारण गर्दछन्। *DHS* को अनुसार, *COVID-19* को सम्पर्क वा जोखिमको आधारमा समूहहरूलाई प्राथमिकता दिइएको छ।

### अब को योग्य हुनेछन् ?

मार्च १ मा वा यस मिति तिर, *DHS* ले *UW–Madison* मा यी व्यक्तिहरूलाई योग्यतामा समावेश गर्नेछ:

- शिक्षा र चाइल्डकेयर (विद्यार्थीहरूसँग सीधा सम्पर्कमा हुने संकाय र कर्मचारीहरू पनि)
- केही सर्वसाधारणहरू सामना गर्ने अत्यावश्यक कर्मचारीहरू (युटिलिटीहरू र सञ्चार पूर्वाधारकर्मीहरू पनि)
- गैर-फ्रन्टलाइन अत्यावश्यक स्वास्थ्य सेवाकर्मीहरू (सरसफाई गर्ने जस्ता स्वास्थ्य समर्थन गर्नेहरू )

क्याम्पसले राज्यको मापदण्ड अन्तर्गत क्याम्पसका योग्य व्यक्तिहरूको राम्रो परिभाषा बनाउनका लागि काम गरिरहेको छ र *UHS* ले खोप उपलब्ध भएपछि योग्य व्यक्तिहरूलाई खोप लगाउने समय बनाउन सूचना दिनेछ। हामी यो समूहमा सबैलाई खोप लिन केहि समय लिने आशा गर्दछौं। कृपया धैर्य गर्नुहोस् र जान्नुहोस् कि *UHS* तपाईंलाई खोप लिन पनि उत्सुक छ।

**हामी किन व्यक्तिहरूलाई अझै छिटो खोप दिन सक्दैनौं ?**

*UHS* ले राज्यले छुट्याएको जति खोप मात्र प्रशासन गर्न सक्दछ, र राज्यले खोपको आवश्यकतालाई आपूर्तिसँग मिलाउँदछ। हामी भविष्यमा खोपको आपूर्ति आवश्यकताहरूको पूर्वानुमान गर्दै सबै योग्य व्यक्तिहरूलाई खोप प्रदान गर्न सकेसम्म चाँडो काम गरिरहेका छौं।

**के *UW–Madison* का विद्यार्थी र कर्मचारीहरूले *COVID-19* खोप लगाउन आवश्यक छ ?**

यस समयमा, क्याम्पसका सदस्यहरूले *COVID-19* को खोप लगाउन आवश्यक छैन।

**के तपाईंले कुन खोप लिने छान्न सक्नुहुन्छ ?**

किनकि खोपको आपूर्ति सीमित छ, तपाईंले खोप लागाउन आउँदा जुनसुकै खोप पनि उपलब्ध हुन सक्नेछ। ले हाल दुबै *Pfizer* र *Moderna* खोपहरू पाईरहेको छ।

**के मैले खोप लगाएपछि क्याम्पसमा परीक्षण गर्नबाट म मुक्त हुनेछु ?**

अहिलेको समय, छैन। दुईवटा आधिकारिक खोपहरू *COVID-19* बाट मानिसहरूलाई बिरामी हुनबाट जोगाउनका लागि ९० देखि ९५ प्रतिशत प्रभावकारी छन्, तर खोप लगाईएका व्यक्तिहरूको सङ्ख्यामा जोखिम हुनसक्दछ। हामीलाई अझै थाहा छैन कि यदि खोप लगाईएको व्यक्तिले अरूलाई पनि भाइरस सङ्क्रमण गर्न सक्छन् या सक्दैनन्। *The Centers for Disease Control and Prevention* खोप लगाएका जनसङ्ख्या भित्रको सङ्क्रमण राम्रोसँग बुझ्नको लागि अध्ययनहरू सञ्चालन गरिरहेका छन् र पछि कुनै मितिमा मार्गदर्शनहरू बदल्न सक्दछन्। यो याद राख्न पनि महत्त्वपूर्ण छ कि, खोपको पूर्ण सुरक्षा पाउन दोस्रो डोज दुई हप्ता सम्म लिन सक्दछ।

**के खोपहरूले नयाँ प्रजाति बिरूद्ध काम गर्दछ यदि ती क्याम्पसमा देखिए भने ?**

अनुसन्धानकर्ताहरूले *COVID-19* को भाइरसको नयाँ, सङ्क्रमण हुने प्रजाति बिरूद्ध जसले हालका खोपहरूको प्रभावकारिताको बारेमा जानकारी जम्मा गर्न जारी राखेका छन्। केही प्रारम्भिक अध्ययनहरूले *Pfizer-BioNTech* र *Moderna* खोपहरूले यी प्रजाति बिरूद्ध केही कम सुरक्षा प्रदान गर्न सक्दछन् भन्ने कुरा सुझाव गरेका छन्, जसको मतलब खोप लगाएका झन् धेरै व्यक्तिहरू सङ्क्रमणको जोखिममा पर्न सक्दछन्। तर अध्ययनहरूले यो पनि देखाउँदछन् कि खोपहरूले गम्भीर बिमारी, अस्पताल भर्ना र सबै ज्ञात प्रजातिहरूको मृत्युबाट मानिसहरूलाई जोगाउँदछन्।

***UW–Madison* ले खोपहरू समान रूपमा प्रदान गराउन सुनिश्चित गर्न के गर्दैछ ?**

हामी स्वीकार्छौं कि दराष्ट्रिय र विस्कन्सिनको स्वास्थ्य उपचारमा एकदम धेरै जातीय र सामाजिक असमानता रहेको छ र त्यसले खोप लगाउने प्रक्रियाको असमानतालाई योगदान पुर्‍याइरहेको छ। हामी यी असमानताहरूलाई सम्बोधन गर्न ठोस कदम चाल्न प्रतिबद्ध छौं।

उदाहरणको लागि, हामीले विभिन्न भाषाहरूमा खोपको जानकारीको अनुवाद गरेका छौं र यो जानकारी सबै विद्यार्थी र कर्मचारीहरूसम्म पुग्न सुनिश्चित गर्नका लागि धेरै सञ्चारमाध्यमहरू मार्फत साझा गरिरहेका छौं। हामी क्याम्पसका योग्य सदस्यहरूको पहिचान गर्न तोकिएका सुपरभाईजरहरू र मानव संसाधन कर्मचारीहरूको साथ पनि काम गरिरहेका छौं। कर्मचारीहरूले कामको समयमा आफ्नो खोप नियुक्ति पनि गर्न सक्दछन्।

*अझ धेरै COVID-19 को प्रश्नहरूको जवाफहरू र खोपका प्रश्नहरूका लागि, यो वेबसाईट हेर्नुहोला: [https://news.wisc.edu/tag/covid-questions/](https://news.wisc.edu/tag/covid-questions/)*

*UW–Madison को COVID-19 प्रतिको प्रतिक्रियाको थप जानकारी र खोज्न मिल्ने FAQ डाटाबेसको लागि यहाँ हेर्नुहोला: [https://covidresponse.wisc.edu/](https://covidresponse.wisc.edu/)*

*खोपहरूको, COVID-19t को बारेमा थप जानकारीको लागि, वा University Health Services मा सम्पर्क गर्न, यो वेबसाईट हेर्नुहोला: [https://www.uhs.wisc.edu/medical/](https://www.uhs.wisc.edu/medical/)*

# # #
-- Kelly April Tyrrell, kelly.tyrrell@wisc.edu, 608-262-9772